आज मिति २०७९ श्रावण १७ गते मंगलवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा आ.व. २०७९/८० को नगरकार्यपालिकाको पहिलो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

निर्णयहरुः

१. नगर कार्यपालिकाको ८४ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

२. टोखा नगरपालिका भित्र चालु आ.व. मा संचालन हुने निर्माण कार्यको लागि काठमाडौं जिल्लाको जिल्ला दररेट निर्धारण समितिले चालु आ. व. २०७९/८० को लागि स्वीकृत गरेको काठमाडौं जिल्लाको ज्यालादर तथा निर्माण सामाग्रीहरुको जिल्ला दररेटलाई नै स्थानीय दररेट मानी स्वीकृत गर्ने । साथै स्वीकृत दररेटको आधारमा प्राविधिक शाखावाट तयार भएको दर विलेश्षणलाई स्वीकृत गर्ने । जिल्ला दररेटमा समावेश नभएका विषयहरुलाई बजारबाट दररेट माग गरी स्वीकृत गरी लागू गर्ने ।

३. नगरपालिकावाट संचालन भएका/हुने पूर्वाधारहरुको गुणस्तरीयता परीक्षण (Lab Test) को लागि Lab Test कार्यसंग सम्वन्धित फर्महरुलाई सूचिकृत हुन आब्हान गरी व्यवस्थित गर्ने ।

४. टोखा संरक्षित क्षेत्रको स्वरुप परिवर्तनको लागि कार्यविधि निर्माण गर्न तपशिल वमोजिमको समिति गठन गर्ने

संयोजक – श्री रमेश डंगोल वडाध्यक्ष वडा नं. ३

सदस्य – श्री धर्मेन्द्र श्रेष्ठ वडाध्यक्ष वडा नं. २

सदस्य – श्री नरोत्तम राना वडाध्यक्ष वडा नं. ७

सदस्य – श्री सुनिता श्रेष्ठ परियार न.का.सदस्य

सदस्य सचिव- नक्सा शाखा प्रमुख

५. यस आ.व.२०७९/८० को वजेट तथा कार्यक्रम कार्यान्वयनको लागि नगरसभाले तय गरेको समय सीमा अनुसार कार्य सम्पन्न गर्ने गरी कार्य प्रारम्भ गर्ने ।

६. प्रहरी प्रभाग, टोखालाई सुरक्षा गस्तीका निमित्त सवारी साधन संचालनको लागि डिजेल तथा पेट्रोल माग भएकोमा कार्यालयको विनियोजित बजेटको परिधि भित्र रही उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।